# राष्ट्रिय सूचना आयोग

## प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
## सूचना आयुक्त किरणकुमार पोखरेल
## सूचना आयुक्त यशोदादेवी तिम्सिना

## आदेश

**मु.नं. ३७७/२०७१/०७२**

कास्की जिल्ला फुलबारी बडा नं. ११ बस्ने कृष्ण प्रसाद बास्तोला ....................................१ उजुरीकर्ता

**विरूद्ध**

कार्यालय प्रमुख, मालपोल कार्यालय, कास्की ..............................................................१ विपक्षी
सूचना अधिकारी, मालपोल कार्यालय, कास्की ..................................................१

**विषय :- माग अनुसारको सूचना उपलब्ध गराउनु ।**

कास्की जिल्ला फुलबारी बडा नं. ११ बस्ने कृष्ण प्रसाद बास्तोलाले मालपोल कार्यालय, कास्की समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०१।०६ मा उजुरी गरेको ।

सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३(२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३(३) ले केही सूचना प्रवाह गर्न रोक लगाएको छ । तर उजुरीकर्ताले माग गरेको सूचना सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(३) ले रोक लगाएको सूचना भित्र पर्ने देखिदैन ।

अत: उजुरीकर्ताले माग गरेको तपसिलको सूचना उजुरीकर्तालाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी मालपोल कार्यालय, कास्कीका कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश जारी गरिएको छ । उजुरीकर्ताको उजुरीको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी उजुरीकर्तालाई दिनू ।

**तपसिल**

निवेदक कृष्ण प्रसाद बास्तोला र निजकी श्रीमतीको संयुक्त नाममा रहेको पोखरा ११ को कित्ता नं. ९६ क्षेत्रफल २९२.८ को जग्गा निज उजुरीकर्ताको कान्छी आमा शेषकुमारी बास्तोलालाई लिखित पास गर्न जाँदा मालपोत कार्यालयको रजिष्ट्रेशन फाँटले रजिष्ट्रेशन पास हुन सक्दैन भनी फिर्ता गर्नूको कारण के हो ? के कति कारणले रजिष्ट्रेशन पास रोकिएको हो ? सो जनिने कागजातको प्रतिलिपि ।

| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
|---|---|---|
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत २०७२ साल जेठ २८ गते रोज ५ शुभम् ।

राष्ट्रिय सूचना आयोग

३. खरीद गरिएका स्टेशनरी सामानहरुको भुक्तानी बिल भर्पाइको प्रमाणित प्रतिलिपि । आर्थिक बर्ष ०७१/०७० र चालु आर्थिक बर्षको पहिलो चौमासिकसम्मको ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल जेठ २८ गते रोज ५ शुभम् ।